


# अमूर्त साँस्कृतिक सम्पदा भनेको के हो ?



अमूर्त साँस्कृतिक सम्पदा

संयुक्त राष्ट्र संघीय
शैक्षिक, वैज्ञानिक तथा
सांस्कृतिक संगठन

अमूर्त
सांस्कृतिक
सम्पदा



# अमूर्त साँस्कृतिक

हामी त्यस्ता साँस्कृतिक अभिव्यक्तिहरु बाँड्दछौ जो एक पुस्ताबाट अर्कोमा हस्तान्तरण हुँदै आएका छन्, जो तिनीहरुको वातावरणको क्रिया–प्रतिक्रियाका रुपमा क्रमिक रुपमा विकास भई हामीलाई पहिचान र निरन्तरता बोध गराउन योगदान पुऱ्याएका छन् ...



तस्वीर © भसील एस.



तस्वीर © एम. रैमलाड



तस्वीर © साम्भेल अभीरखनायन



तस्वीर © कंसेलने दास अल्देयी वायापी

**युनेस्को र साँस्कृतिक सम्पदा**

केही यस्ता चीजहरू छन् जसलाई हामीले भावी पुस्ताका लागि जोगाएर राख्नु महत्वपूर्ण मान्दछौं । तिनीहरू तिनीहरूको वर्तमान या संभाव्य आर्थिक मूल्यका कारणले मात्रै होइन, हामीभित्र निश्चित संवेदना जगाउने भएकाले, वा तिनीहरूले हामीलाई हामी केही कुरा – देश, परम्परा वा जीवन शैलीसँग सम्बन्धित छौँ भन्ने कुराको महशुस गराउने भएकाले तिनीहरू महत्वपूर्ण भएका हुन सक्छन् । तिनीहरू समाउन सकिने वस्तु हुन सक्छन्, अन्वेषण गर्न सकिने भवनहरू, वा गाउन सकिने गीत र वाचन गर्न सकिने कथा हुन सक्छन् । तिनीहरूको आकार जस्तोसुकै भएता पनि तिनीहरूले सम्पदाको एक हिस्सा निर्माण गर्दछन् र यो सम्पदालाई संरक्षण गर्नका लागि हाम्रो सक्रिय प्रयत्नको आवश्यकता पर्छ ।

'साँस्कृतिक सम्पदा' शब्दावलीले समेट्ने विषयवस्तुहरूमा हालैका दशकहरूमा केही हदसम्म युनेस्कोले बनाएका दस्तावेजहरूका कारण निकै परिवर्तन आएको छ । साँस्कृतिक सम्पदाको अर्थ स्मारकहरू एवं वस्तुहरूको संकलनमा मात्रै सकिँदैन । यसमा हाम्रा पुर्खाहरूबाट परम्परागत रूपमा प्राप्त गरी हाम्रा सन्ततीहरूमा हस्तान्तरण हुँदै आएका परम्परा एवं जीवन्त अभिव्यक्तिहरू, जस्तैः मौखिक परम्परा, प्रस्तुति कला, सामाजिक अभ्यास, रीति-रिवाज, चाडपर्व, प्रकृति र ब्रम्हाण्डसँग सम्बन्धित ज्ञान तथा अभ्यासहरू एवं परम्परागत शिल्पकला निर्माण गर्ने ज्ञान तथा सिपहरू पनि समावेश हुन्छन् ।

# सम्पदा भनेको के हो ?

युनेस्को संयुक्त राष्ट्र प्रणाली भित्र सँस्कृतिका क्षेत्रमा काम गर्ने अधिकार प्राप्त एक मात्र विशिष्ट निकाय हो, जसले यसका सदस्य राज्यहरूलाई उनीहरूको साँस्कृतिक सम्पदाको प्रभावकारी संरक्षणका लागि उपायहरू अवलम्बन गर्न र तिनको कार्यान्वयनमा मद्दत गर्दछ । यस्ता उपायहरूमध्ये, साँस्कृतिक सम्पदाका क्षेत्रमा नयाँ नीतिहरू बनाउनका लागि अमूर्त साँस्कृतिक सम्पदा संरक्षण महासन्धिको अङ्गिकार एउटा मुख्य कदम थियो ।

*↑↑↑↑ अल्बानियाको लोकनृत्य*

*↑↑↑ बिञ्सँ महोत्सव, बेल्जियम*

*↑↑ डुडक संगीत, आर्मेनिया*

*↑ वायपाँ मौखिक एवं ग्राफिक अभिव्यक्ति, ब्राजिल*

*← मोजाइक फ्लोर, मेक्नेस, मारोक्को*

तस्वीर © उघुरँ । आइस्टक फोटो

## अमूर्त साँस्कृतिक सम्पदा

कमजोर भएता पनि बढ्दो विश्वव्यापीकरणका सम्मुखमा अमूर्त साँस्कृतिक सम्पदा साँस्कृतिक विविधतालाई जोगाउने महत्वपूर्ण तत्व हो । विभिन्न समुदायको अमूर्त साँस्कृतिक सम्पदाको बुझाइले अन्तर–साँस्कृतिक सम्वादमा सहयोग पुऱ्याउने तथा एक–अर्काका जीवनशैलीहरूलाई पारस्परिक सम्मान गर्न प्रोत्साहित गर्दछ ।

अमूर्त साँस्कृतिक सम्पदाको महत्व यो आफैंमा साँस्कृतिक अभिव्यक्ति भएकोले भन्दा पनि यसका माध्यमबाट एक पुस्ताबाट अर्को पुस्तासम्म हस्तान्तरण हुँदै आएको ज्ञान र सिपको भण्डारका कारण हो । ज्ञानको यो हस्तान्तरणको सामाजिक र आर्थिक मूल्य राज्यका अल्पसंख्यक समूह र मूलधारमा रहेका सामाजिक समूहका लागि तथा विकासशील र विकसित देशका लागि उत्तिकै सान्दर्भिक छ ।

अमूर्त साँस्कृतिक सम्पदाका विशेषताहरू निम्नानुसार छन् :

- **परम्परागत, समकालीन र एकै समयमा जीवन्त भई रहेकाः** अमूर्त साँस्कृतिक सम्पदाले विगतदेखि हस्तान्तरण भई आएका परम्पराहरूलाई मात्रै प्रतिनिधित्व गर्दैन, यसमा विविध साँस्कृतिक समूहहरूले भाग लिने समकालीन ग्रामीण तथा सहरी प्रचलनहरू समेत पर्दछन् ।

- **समावेशीः** हाम्रा अमूर्त साँस्कृतिक सम्पदा अभिव्यक्तिहरू र अरूले अभ्यास गर्ने साँस्कृतिक सम्पदा अभिव्यक्तिहरू उस्तै हुन सक्छन् । छिमेकी गाउँबाट होऊन् वा विश्वको विपरित ध्रुवका शहरबाट, वा बसाई सरेर एक भिन्न क्षेत्रमा बसोबास गरेका मानिसहरूले अपनाएका नै किन नहोऊन्, हाम्रो विगत, वर्तमान र भविष्यलाई जोड्ने सेतु प्रदान गर्दै ती सबै एक पुस्ताबाट अर्कोमा हस्तान्तरण भएकोले,




तस्वीर© यीभ्ज पर्फ कोफी



तस्वीर © संस्कृति मन्त्रालय, गणतन्त्र कोलम्बिया

⇧⇧ *बराक्वेला महोत्सव, कोलम्बिया*

⇧ *जेलेडको मौखिक सम्पदा, बेनिन, नाइजेरिया र टोगो महोत्सव*



तिनीहरूको वातावरण अनुरूप क्रमिकरूपमा विकसित भएकाले र हरेक समुदायलाई यसको पहिचान र निरन्तरताको बोध गराउन योगदान पुऱ्याएकाले ती सबै अमूर्त साँस्कृतिक सम्पदा हुन् । अमूर्त सास्कृतिक सम्पदाले कुनै निश्चित प्रचलनहरू खास सँस्कृतिसँग मात्रै सम्बन्धित हुन् या होइनन् भन्ने प्रश्न उठाउँदैन । यसले पहिचान र जिम्मेवारीको बोध गर्न प्रोत्साहित गर्दै सामाजिक सद्भावनाका लागि योगदान पुऱ्याउँछ, जसले व्यक्तिहरूलाई एक र फरक समुदायहरूको अंश भएको र समग्र समाजको हिस्सा भएको महशुस गराउन मद्दत गर्छ ।

- **प्रतिनिधिमूलकः** अमूर्त साँस्कृतिक सम्पदालाई तुलनात्मक आधारमा यसको अद्वितीयता वा यसको विशिष्ट मूल्यका लागि केवल साँस्कृतिक वस्तुका रूपमा मात्रै मूल्यांकन गरिँदैन । यो समुदायमा सम्बद्ध र निर्भर रहन्छ जसको परम्पराको ज्ञान, सिप र प्रथाहरू बाँकी समुदायमा एकबाट अर्को पुस्तामा वा अन्य समुदायमा हस्तान्तरण हुँदै आएको हुन्छ ।

- **समुदायमा आधारितः** अमूर्त साँस्कृतिक सम्पदा समुदाय, समूह वा व्यक्तिहरू जसले यसलाई निर्माण, निरन्तरता कायम र हस्तान्तरण गर्छन्, उनीहरूले मान्यता दिएको खण्डमा मात्रै सम्पदा बन्दछ । उनीहरूको मान्यताविना अरू कसैले पनि उक्त अभिव्यक्ति वा अभ्यास उनीहरूको सम्पदा हो  भनेर निर्णय गर्न सक्दैन ।



तस्वीर © चाइनिज एकेडेमी अफ आर्ट्स

*कुन क्वुँ अपेरा, चीन,*



तस्वीर © CNRPAH

*गोवुआराको अ्हेल्लील, अल्जेरिया*

*बुल्गेरियाको सेपलौक क्षेत्रको बिस्ट्रिट्सा बबी–आर्काइक पोलिफोनी नृत्य एवं संस्कारपद्धति*



तस्वीर © मिला सान्टोमा



तस्वीर © नेशनल म्युजियम, कम्बोडिया

***कम्बोडिया**को एउटा खमेर छाँया रंगमञ्चमा छालाको कठपुतली प्रस्तुत गरिँदै, सबेक थम भनिने यो प्रस्तुति विशेष अवसरहरूमा बर्षको तीन–चार पटक देखाइन्छ । यो पन्धौं शताब्दीमा सँस्कारगत गतिविधिका रूपमा शुरुवात गरिएको यो प्रस्तुति अहिले एउटा कलात्मक कर्म बन्न पुगेको छ ।*



तस्वीर © युनेस्को / लाट्भिया लोक केन्द्र

***लाटभिया, इस्टोनिया र लिथुवानिया**ले बाल्टिक गीत र नृत्य महोत्सवलाई यस क्षेत्रको लोक प्रदर्शनी कलाको परम्परालाई जोगाउनुका साथै त्यसको विकास गरेका छन् । कैयौं दिनसम्म चल्ने ठूला-ठूला महोत्सवहरू इस्टोनिया र लाटभियामा हरेक पाँच वर्ष र लिथुवानियामा हरेक चार वर्षमा हुने गर्दछन् जसले मुख्यतया ४०,००० सिकारू, गायक तथा नर्तकीहरूलाई आफ्नो कला प्रदर्शन गर्ने अवसर प्रदान गर्दछन् ।*



तस्वीर © मिनिस्टेर डि ला म्याडागास्कार

***म्याडागास्कार**का जाफिमनारी समुदायहरूले वनसँग सम्बन्धित विषय देखि सजावटका सामाग्री वा काममा प्रयोग गरिने उपकरणहरू लगायत काठको सतह खोपेर बनाइने लगभग सबैजसो काष्ठकलासँग सम्बन्धित ज्ञान र सिप विकास गरी त्यसको प्रयोगलाई निरन्तरता दिदैं आएका छन् ।*



तस्वीर © लरेञ्ज आर्मेन्दारिज

***मेक्सिको**का धेरैजसो इलाकाहरूमा समुदायले मृत्यु भएका आफ्ना आफन्त र प्रियजनहरू अस्थायी रूपमा पृथ्वीमा फर्किने विश्वासमा डाय डि लस मुएर्टोस (मृतक दिवस) का दिन स्मरणोत्सव मनाउँछन् ।स्पेनी धर्मभन्दा पहिलेको क्याथोलिक उत्सवसँग जोडिएका यी चाडपर्वहरू हरेक वर्ष अक्टोवरको अन्त्य देखि नोभेम्वरको शुरुसम्म चल्ने गर्छन् र उक्त देशको सबैभन्दा ठूलो अन्नबाली मकैखेतीको वार्षिक चक्रलाई पनि जनाउने गर्छ ।*



तस्वीर © जे.के. वाळुसिम्बी

***युगाण्डा**मा रूखका बोक्राबाट बनाइने वस्त्रहरूमा मानवमात्रको सबैभन्दा पुरानो ज्ञान संलग्न भएको छ, यो धागोबाट लुगा बुन्ने बुनाइ प्रविधिको आविष्कार हुनुभन्दा धेरै पहिलेको प्रागऐतिहासिक प्रविधि हो । बोक्राका वस्त्रहरू खास गरेर राज्याभिषेक र धामीझाँक्री पद्धति अनुसार उपचार गर्दा, मलाम जाँदा तथा साँस्कृतिक जमघटहरूमा पहिरिन्छ, यसलाई पर्दा, झूल, विछ्यौना र भण्डारणका लागि समेत प्रयोग गरिन्छ । उन्नाइसौं शताब्दीमा अरबबाट आएका व्यापारीहरूले कपासबाट बनेका वस्त्रहरूको शुरुवात गरेपछि, बोक्राको उत्पादन घट्न गयो र यसको साँस्कृतिक एवं आध्यात्मिक काम हराएर गयो; हालैका दशकहरूमा यसलाई पुनस्थापित गरिँदैछ ।*

## जीवन्त सम्पदाको संरक्षण

सामान्य सँस्कृति जस्तै, अमूर्त सँस्कृति पनि निरन्तररूपमा परिवर्तित हुँदै र विकसित हुँदै आएको हुन्छ र हरेक नयाँ पुस्ताद्वारा समृद्ध बनिरहेको हुन्छ । अमूर्त साँस्कृतिक सम्पदाका धेरै अभिव्यक्ति एवं प्रस्तुतिहरू विश्वव्यापीकरण र सँस्कृतिलाई एकैरूपको बनाउने कार्यका कारण र सहयोग, कदर एवं समझदारीको अभावले गर्दा पनि जोखिममा परेका छन् । यदि अमूर्त साँस्कृतिक सम्पदालाई स्याहारसंभार नगर्ने हो भने, यो संधैका लागि हराउने वा विगतको एउटा प्रचलनका रूपमा स्थिर भएर रहने खतरा हुन्छ । यो सम्पदा जोगाउने र यसलाई भावी पुस्तामा हस्तान्तरण गर्दा यो सवल हुने र जीवन्त रहनुका साथै यसलाई परिवर्तन गर्न र अनुकूलनीय बनाउन पनि सकिन्छ ।

अमूर्त साँस्कृतिक सम्पदा संरक्षणका लागि हामीलाई स्मारक, स्थल तथा प्राकृतिक स्थलहरू संरक्षण गर्ने भन्दा फरक किसिमका उपायहरू आवश्यक पर्दछन् । अमूर्त सम्पदालाई जीवन्त राख्न यो सँस्कृतिपयोगी हुनै पर्छ र समुदायभित्र र पुस्ताहरूका बीच नियमित रूपमा अभ्यास र सिकिरहनु पर्ने हुन्छ ।

तस्वीर © CULTNAT.



तस्वीर © लुइज स्याटोंज / युनेस्को

*↑ अल सिराह अल हिलालियाह महाकाव्य, इजिप्ट*

*➲ बाहिया रेकनकाभोको साम्बा डि रोडा, ब्राजिल*





अमूर्त सम्पदा जीवन्त रहन यो संस्कृतिपयोगी हुनै पर्छ र समुदाय र पुस्ताहरूका बीच नियमित रूपमा अभ्यास गर्ने एवं सिकिरहनु पर्ने हुन्छ ।

विश्वभरि नै समुदाय र समूहहरू जसले यी परम्परा र प्रचलनहरूको अभ्यास गर्छन्, तिनीहरूसँग आफ्नो ज्ञान र सिप हस्तान्तरण गर्ने आफ्नै पद्धति हुन्छ, प्रायः त्यो लिखित पाठका रूपमा भन्दा पनि मौखिक शव्दमा निर्भर रहन्छ । त्यसैले संरक्षण क्रियाकलापहरूमा पनि सदा यस्ता सम्पदाहरू धारण गर्ने समुदाय, समूह र जहाँ उपयुक्त हुन्छ त्यहाँ व्यक्तिहरूलाई संलग्न गराउनु पर्छ ।

सहायताबिना अमूर्त साँस्कृतिक सम्पदाका निश्चित तत्वहरू मर्ने वा लोप हुने खतरा रहन सक्दछ, तर हामीले निरन्तर रूपमा परिवर्तन भैरहने सम्पदा र 'जीवन्त सँस्कृति'को अंशलाई स्थिरीकरण हुन वा महत्वहीन हुन नदिईकन कसरी संरक्षण र व्यवस्थापन गर्न सक्छौँ ? तिनीहरूको संरक्षण गर्नु भनेको ज्ञान, सिप र अभिप्राय हस्तान्तरण गर्नु हो । अर्को शव्दमा, संरक्षण नाट्य मञ्चन, गीत, संगीत, सांगीतिक बाजागाजा वा शिल्पहरू जस्ता यसका ठोस प्रस्तुतिहरूको उत्पादनमा भन्दा पनि यो एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण तथा सञ्चारमा संलग्न प्रक्रियाहरूमा केन्द्रित हुन्छ ।

संरक्षणको अर्थ अमूर्त साँस्कृतिक सम्पदा आजको पुस्ताका लागि जीवनको सक्रिय अंशका रूपमा रहेको सुनिश्चित गर्नु हो, जसलाई उनीहरूले भोलीका लागि हस्तान्तरण गर्न सकून् । संरक्षणका उपायहरूले यसको जीवन्तता, यसको निरन्तर पुनसिर्जना र हस्तान्तरण सुनिश्चित गर्ने लक्ष्य राखेका हुन्छन् । अमूर्त साँस्कृतिक सम्पदा संरक्षणका लागि चालिएका उपायहरूमा यस्ता सम्पदाहरूको पहिचान, अभिलेखिकरण, औपचारिक र अनौपचारिक शिक्षाका माध्यमबाट यस्ता सम्पदाको अनुसन्धान, संरक्षण, प्रबर्द्धन, अभिवृद्धि वा यसको हस्तान्तरणका साथै यसका विविध पक्षहरूलाई पुनर्जीवनीकरण गर्ने जस्ता क्रियाकलापहरू समावेश गर्न सकिन्छ ।

अमूर्त साँस्कृतिक सम्पदा संरक्षण आर्थिक विकासका लागि पनि महत्वपूर्ण श्रोत हो, यद्यपि त्यो जीवन्त सम्पदालाई नै हानि पुऱ्याउन सक्ने पर्यटन जस्ता आय आर्जन गतिविधिहरूका माध्यमबाट नै हुनुपर्छ भन्ने छैन । बरू, समाजभित्र अमूर्त साँस्कृतिक सम्पदाले गर्ने कामको सुदृढिकरण गर्ने तथा आर्थिक नीतिको योजना बनाउँदा यसको मूलप्रवाहीकरणलाई प्रबर्द्धन गर्ने तिर ध्यान केन्द्रित गर्नुपर्छ ।





तस्वीर © लोक संस्कृति राष्ट्रिय संस्था



तस्वीर ©संस्कृति तथा सूचना संस्था, भियतनाम



तस्वीर © यीभ्ज पर्फे कोफी



तस्वीर © युनेस्कोका लागि टर्की राष्ट्रिय परिषद

*गगं संस्कृति स्थल, भियतनाम*

*जेलेडको मौखिक सम्पदा, बेनिन, नाइजेरिया र टोगो महोत्सव*

*मेदाहको कला, सार्वजनिक कथाबाचक, टर्की*

## अन्तर्राष्ट्रिय मान्यताका लागि महासन्धि

साँस्कृतिक विविधताको प्रेरक शक्तिका रूपमा अमूर्त साँस्कृतिक सम्पदाले अन्तर्राष्ट्रिय मान्यता प्राप्त गरेको छ र यसको संरक्षण अन्तर्राष्ट्रिय सहायताका प्राथमिकताहरू मध्येको एक भएको छ ।

यो सम्पदालाई संरक्षण गर्ने कानूनी, प्रशासकीय र वित्तीय प्रारूप प्रदान गर्ने यो पहिलो अन्तर्राष्ट्रिय सन्धि हो जसलाई  युनेस्कोको साधारण सभाले सन् २००३ मा अवलम्बन गरेको थियो । महासन्धि राज्यहरूले शुरूवात गरेको अन्तर्राष्ट्रिय कानून अन्तर्गतको एउटा सहमति हो जसले हरेक पक्ष र हरेक अन्य पक्षकाबीच अधिकार र दायित्व स्थापित गर्दछ ।

सन् २००३ को महासन्धिले मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय संभौतासँग मेल खाने र समुदायहरूकाबीच आपसी सम्मान र दिगो विकासका आवश्यकताहरू पुरा गर्ने अमूर्त साँस्कृतिक सम्पदा संरक्षण गर्ने लक्ष्य लिएको छ ।

राष्ट्रिय स्तरमा महासन्धिले राज्यको भूभागमा रहेका अमूर्त साँस्कृतिक सम्पदाहरूको संरक्षणका लागि आह्वान गर्दछ । अन्य कुराहरूका अतिरिक्त, यसले समुदाय, समूह र उपयुक्त गैरसरकारी संस्थाहरूको सहभागितामा राज्यलाई यस्ता सम्पदाहरूको पहिचान र परिभाषित गर्न अनुरोध गर्दछ ।

महासन्धि अनुमोदन गरेका सबै राज्यहरू साधारण सभामा भेला हुन्छन् जसले महासन्धिका लक्ष्यहरू प्रबर्द्धनका लागि र यसको कार्यान्वयन अनुगमन गर्नका लागि २४ सदस्यीय अन्तरसरकारी समितिको निर्वाचन गर्दछ । अन्य कुराहरूका अतिरिक्त समितिले महासन्धिको सूचीमा कुन अमूर्त सम्पदालाई सूचीकृत गरिनु पर्छ भन्ने तथा अन्तर्राष्ट्रिय आर्थिक सहयोग प्रदान गर्ने सम्बन्धमा वा संरक्षणका राम्रा अभ्यासहरूको प्रचारप्रसार गर्ने सम्बन्धमा निर्णय गर्दछ । यदि कुनै सम्पदातत्व एक भन्दा बढी पक्षराज्यको भूभागमा रहेको पाइएमा, सम्बन्धित पक्षराज्यहरूलाई संयुक्त रूपमा बहुराष्ट्रिय मनोनयनहरू पेश गर्न प्रोत्साहित गरिन्छ ।

यदि अन्तरसरकारी समितिले छनौट गरेमा अमूर्त साँस्कृतिक सम्पदातत्वलाई तत्काल संरक्षण गर्नुपर्ने साँस्कृतिक सम्पदा सूचीमा वा मानवताका प्रतिनिधिमूलक अमूर्त साँस्कृतिक सम्पदा सूचीमा सूचिकृत गरिनेछ । तत्काल संरक्षण गर्नुपर्ने सूची ज्यादै  महत्वपूर्ण छ किनकि यसले त्यस्ता अमूर्त साँस्कृतिक सम्पदा अभिव्यक्ति वा प्रदर्शनीहरू जसको जीवन्तता, निरन्तर पुनरोत्पादन एवं हस्तान्तरण खतरामा परेको छ, तिनको संरक्षणको लागि उपयुक्त उपायहरू अवलम्बन गर्ने लक्ष्य राखेको हुन्छ । प्रतिनिधिमूलक सूचीमा गरिएको सूचीकरणले यसको दृष्यता र जागरूकता सुनिश्चित गर्न र सम्वादलाई प्रोत्साहित गर्न योगदान पुऱ्याउछ, यसरी विश्वव्यापी रूपमा साँस्कृतिक विविधता प्रतिबिम्बित गर्ने र मानवीय सृजनशीलतालाई प्रमाणित गर्दछ ।

समितिले महासन्धिका उद्देश्य एवं सिद्धान्तहरूलाई सर्वोत्तम रूपले प्रतिबिम्बित हुनेगरी छनौट गरेका कार्यक्रम, परियोजना र क्रियाकलापहरूको रजिस्टर प्रकाशन तथा अद्यावधिक गर्दछ । यी कार्यक्रम, परियोजना वा क्रियाकलापहरूले संरक्षणको उदाहरणका रूपमा काम गर्न सक्नेछन् र तिनीहरूलाई राम्रा अभ्यासका रूपमा प्रचारप्रसार गरिनेछ ।

महासन्धिका पक्षराज्यका सरकारहरूले मात्रै अमूर्त साँस्कृतिक सम्पदाको सूचीकरणका लागि विचार गरियोस् भनेर समितिमा मनोनयन गर्न सक्ने भएता पनि यस्तो प्रस्ताव सम्बद्ध समुदाय वा समूहको पूर्ण सहभागिता र सहमतिमा तयार पारिनु पर्छ ।

*स्लोभाको भरबंक, नवसैनिक नृत्यहरू, चेक गणतन्त्र*

## कहाँबाट शुरू गर्ने ?

स्मारक र कलाकृतिहरूको पहिचान एवं संकलन गरिए जस्तै अमूर्त साँस्कृतिक सम्पदालाई पनि संकलन एवं रेकर्ड गर्न सकिन्छ । वास्तवमा राज्यका लागि संरक्षणको पहिलो कदम अमूर्त साँस्कृतिक सम्पदाका रूपमा लिन सकिने त्यस्ता अभिव्यक्ति एवं प्रस्तुतिहरूको पहिचान गर्नु, तिनीहरूको अभिलेख वा विवरणसूची बनाउनु हो । त्यसपछि यी विवरणसूचीहरू उक्त सूचीमा समावेश गरिएका एवं वर्णन गरिएका अमूर्त साँस्कृतिक सम्पदाका प्रस्तुतिहरू तथा अभिव्यक्तिहरूका लागि संरक्षणका उपायहरू बनाउने आधारको रूपमा काममा आउन सक्छन् । समुदायहरू आफै उनीहरूका अमूर्त साँस्कृतिक सम्पदाहरूको पहिचान एवं परिभाषित गर्न सहभागी हुनुपर्छः कुन प्रचलन / अभ्यासहरू उनीहरूको साँस्कृतिक सम्पदाका अंशहरू हुन् भनेर निर्णय गर्ने समुदाय नै हुन् ।

अमूर्त साँस्कृतिक सम्पदा विवरणसूचीहरूमा सबै प्रकारका अभिव्यक्तिहरू समावेश गर्नुपर्छ, ती कति साझा हुन् वा विरलै पाइने होउन्, समुदायका धेरै वा थोरै कति मानिसहरूले तिनीहरूमा भाग लिन्छन् वा त्यो समुदायमा तिनले कति असर र प्रभाव पारेको भन्ने कुराले केही फरक पार्दैन । कुन अमूर्त साँस्कृतिक सम्पदा सबैभन्दा बढी जोखिममा वा ठूलो दवावमा छ भन्ने सोच्नु पनि स्वागतयोग्य हुन सक्छ । वास्तवमा तिनीहरू मध्ये हरेक प्रस्तुति र अभिव्यक्तिहरू कत्तिको कमजोर वा सवल छन् भनेर देखाउनका लागि विवरणसूचीमा तिनीहरू कत्तिको फैलिएका छन्, कतिजनाले भाग लिन्छन् र तिनीहरूको प्रभाव कत्तिको छ भनेर उल्लेख गरिनेछ । अमूर्त साँस्कृतिक सम्पदा निरन्तररूपमा परिवर्तन हुने भएकोले विवरणसूची नियमित रूपमा अद्यावधिक गरिनु पर्छ ।

महासन्धिले यसका पक्षराज्यहरू (महासन्धि अनुमोदन गरेका देशहरू) लाई अमूर्त साँस्कृतिक सम्पदा संरक्षण गर्ने उनीहरूको प्रयत्नमा सहयोग गर्दछ । पक्ष राज्यहरूले तत्काल संरक्षण गर्नु पर्ने सूचीमा सूचीकृत सम्पदाको संरक्षणका लागि विवरणसूची तयार पार्नका लागि र कार्यक्रम, परियोजना र क्रियाकलापहरूका लागि सहयोगका लागि अन्तरसरकारी समिति समक्ष अनुरोध पेश गर्न सक्छन् ।



तस्वीर © मुसेओ डेल हम्ब्रे डोमिनिकानो

*भिल्ला मेल्लाका कंगो हरको पवित्र आत्माको बन्धुत्वसँग सम्बन्धित साँस्कृतिक स्थल*


*मध्य अफ्रिकाका अका पिग्मीजहरूको पोलिफोनिक गायन*

तस्वीर© कमिसन नेशानल सेन्ट्राफिकायन एट मिनिस्टेयर डि ला जेयुस्स एट डेस स्पोर्टस, आर्ट एट कल्चर



तस्वीर © मनल इस्कोबेट इ गिरू / युनेस्को

*वर्ज, स्पेनको प्याटम*



समुदाय आफैले उनीहरुका अमूर्त साँस्कृति सम्पदाहरुको पहिचान एवं परिभाषित गर्न सहभागी हुनुपर्छः कुन प्रचलन / अभ्यासहरु उनीहरुको साँस्कृतिक सम्पदाका अंशहरु हुन् भन्ने निणर्य गर्ने समुदाय नै हुन् ।

आर्थिक सहयोग

संयुक्त राष्ट्र संघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठन

एसिया-प्रशान्त क्षेत्रमा अमूर्त सांस्कृतिक सम्पदाका लागि युनेस्को संरक्षित अन्तर्राष्ट्रिय सूचना तथा संजाल केन्द्र







अमूर्त सँास्कृतिक सम्पदा

ICH

संयुक्त राष्ट्र संघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठन

अमूर्त सांस्कृतिक सम्पदा

एक पुस्ता देखि अर्को पुस्तासम्म हस्तान्तरण भई आएको अमूर्त सँास्कृतिक सम्पदा निरन्तर रूपमा समुदाय र समूहद्वारा पुनर्निर्मित हुन्छ र यसले उनीहरूलाई पहिचान र निरन्तरताको बोध गराउँछ र यसरी सँास्कृतिक विविधता र मानव सृजनाशीलताका लागि सम्मान प्रबर्द्धन गर्दछ ।

©बराकोला महोत्सव, कोलम्बिया, तस्वीर© मारिया एफ पेंज